कार्यापालिका बैठक नं : ५२ कार्यपालिकाको बैठक: २०८२।०६।१०

आज मिति २०८२ साल असोज महिनाको १० गतेका दिन नरहरिनाथ गाउँपालिका, कालिकोटका अध्यक्ष श्री नगेन्द्र बहादुर विष्टको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

<u>समय: दिउसो ३:०० बजे</u> <u>बैठक नं – ५२</u>

<u>उपस्थिति</u>

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नगेन्द्रबहादुर विष्ट | अध्यक्ष | |
| २ | श्री कमल कुमार शाह | उपाध्यक्ष | |
| ३ | श्री जगत बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४ | श्री प्रेम बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५ | श्री कटक बहादुर बुढा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६ | श्री नन्द राम सहकारी | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७ | श्री मान बहादुर सहकारी | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८ | श्री पौराम कामी | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९ | श्री खाम्म बहादुर बटाला | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १० | श्री लाल बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. ८)/सदस्य | |
| ११ | श्री प्रदीप बोहरा | वडा अध्यक्ष (वडा नं. ९)/सदस्य | |
| १२ | श्री अम्सरा कुमारी बुढा | सदस्य | |
| १३ | श्री थुमा सहकारी(बुढा) | सदस्य | |
| १४ | श्री बन्दना देवी शाही | सदस्य | |
| १५ | श्री सुन्केशा सहकारी | सदस्य | |
| १६ | श्री करन नेपाली | सदस्य | |
| १७ | श्री जगत बहादुर दर्जी | सदस्य | |
| १८ | श्री निरक कुमार शाह | नि. प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

<u>आमन्त्रित</u>

| | | | |
|---|---|---|---|
| १ | श्री शान्ति बहादुर कार्की | बरिष्ठ लेखा अधिकृत | |
| २ | श्री रमेश बहादुर के.सी. | लेखा अधिकृत | |
| ३ | श्री टेक बहादुर महतारा | प्रशासकीय अधिकृत | |
| | | <u>सहयोगी कर्मचारी</u> | |
| १ | राजा बहादुर बुढा | का.स. | |



Scanned with CamScanner

Scanned with CamScanner

Scanned with CamScanner



**प्रस्तावहरू**

१. GEN Z आन्दोलनको मृतकप्रति श्रन्दान्जली तथा घाईते लाई स्वास्थ्यलाभ सम्बन्धमा ।

२. निमित्त प्रमुख प्रशासकीय स्वागत सम्बन्धमा ।

३. सर्वदलिय र सर्वपक्षीय बैठक बोलाउने सम्बन्धमा ।

४. आर्थिक सहयोग सम्बन्धमा ।

५. करार कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा।

६. बडा दशै तथा शुभ दिपावलीको शुभकामना सम्बन्धमा ।

७. लागत अनुमान तयार तथा ठेक्का प्रक्रिया सम्वन्धमा।

८. सवारि साधनको चालक नियुक्ति सम्बन्धमा।

९. रकम भूक्तानी सम्बन्धमा ।

१०.योजनाको नाम संसोधन सम्बन्धमा।

१०. नरहरिनाथ गाउँपालिका वडा नं. १ देखि ९ सम्म सडक मर्मत सम्बन्धमा।

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथी छलफल गर्दा मिति २०८२।०५।२३ र २४ गते नेपाल अधिराज्य भरी भएको GEN Z आन्दोलनमा मृतक प्रति भावपूर्ण हार्दिक श्रदान्जली दिने तथा घाईते र अपाङ्ग भएका व्यक्तिलाई स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस नरहरिनाथमा प्रमुख प्रशासकीय अधिकृत सरुवा भई जानु भएकोले रिक्त रहेको प्रमुख प्रशासकीय अधिकृतको पदमा यस गाउँपालिकामा कार्यरत वरिष्ठ कर्मचारी ई.निरक कुमार शाह लाई आर्थिक अख्तियारी प्राप्त भएकोले स्वागत तथा बधाई दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको विकास तथा सुशासन कायम गर्नका लागि यस गाउँपालिकामा रहेका सक्रिय राजनितिक दलसंग मिति २०८२।०६।२१ गते सर्वदलिय तथा सर्वपक्षिय वैठक बस्ने को लागि आह्‌वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस गाउँपालिकामा स्थायी बसोवास गर्ने व्यक्तिको दिर्घ रोग लागी उपचारको क्रममा रहेकोले निजको आर्थिक अवस्था कमजोर भएकोले रकम रु २५००० (पच्चिस हजार) आर्थिक सहयता प्रदान गर्ने र २०८२।०५।२३ र २४ गते नेपाल अधिराज्य भरी भएको GEN Z आन्दोलनको क्रममा गम्भिर घाईते भई उपचारत रहेका यस कालिकोट जिल्लाका स्थायी रुपमा बसोबास भएका घाईतेहरुलाई उपचार खर्च स्वरुप जनही रु २०००० (बिस हजार) तपशिल बमोजिमका व्यक्तिलाई उपचारको लागि आर्थिक सहयोग गर्ने निर्णय गरियो।



Scanned with CamScanner

Scanned with CamScanner



तपसिल

| क्रस | नाम | रकम | कैफीयत |
|---|---|---|---|
| १ | पवन सहकारी | २५००० | |
| २ | गौरा दमाई | २५००० | |
| ३ | पवन शाही | २०००० | |
| ४ | खगेन्द्र बुढा | २०००० | |
| ५ | | | |

निर्णय नं. ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा गाउँपालिका भित्र गाउँपालिकाको स्रोतबाट विभिन्न सेवा समुहका तथा क्षेत्रमा कार्यरत करार कर्मचारीको करार म्याद सम्झौता २०८२ असार मसान्तमा समाप्त भएको र करार कर्मचारीको सम्बन्धी म्याद नविकरण आ.व. २०८२।०८३ को लागि गर्ने वा नगर्ने भन्ने सम्बन्धि कुनै निर्णय नभई निरन्तर कामकाजमा रहेका तर करार सम्झौता नभएका कर्मचारीको लागि कर्णाली प्रदेश स्थानीय सेवा गठन र सञ्चालन ऐन,२०८१ प्रस्ताव नं को दफा १४ को उपदफा (१) बमोजिम ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने र कर्णाली प्रदेश स्थानीय सेवा गठन र सञ्चालन नियमावली, २०८१ को नियम ११ (१) बमोजिम पद नभइ वा पद सृजना नभई कर्मचारी नियुक्ति गर्न हुदैन भन्ने कानुनि व्यवस्था रहेको हुदाँ यस नरहरिनाथ गाउँपालिकाको कार्यालयमा साविकको गा.वि.स देखि र अन्य यस पालिकामा करारमा कार्यरत कर्मचारी कार्यालयमा अति आवश्यक भएको अवस्थामा आन्तरिक श्रोत बाट पारिश्रमिक तथा सेवा सुविधा व्यहोर्ने गरि कर्मचारी २०८२ साल साउन महिना देखि असोज महिना सम्म करार कर्मचारीहरुको करार सम्झौता अर्को निर्णय नहुदासम्मको लागि यस हाल कार्यारत नि. प्रमुख प्रशासकीय प्रमुखले २०८२ साउन १ लागु हुने गरि २०८२ असोज मसान्त सम्मको लागि करार सम्झौता गरी काम गरेबापत तलव भुक्तानि गर्ने निर्णय गरियो। साथै रोजगार संयोजकको पदपूर्ति र सेवा सुबिधा सम्बन्धी मापदण्ड २०७६ को दफा १८ को उपदफा (१) मा रोजगार संयोजकले स्थानीय सेवाको सोही सरहको पदले पाउने सुरु तलव स्केल बराबरको तलब, स्थानीय भत्ता, पोशाक भत्ता र चाडपर्व खर्च पाउनेछ भन्ने ब्यावस्था उपदफा (२) बमोजिम माथी उपदफा (१) बमोजिमको सेवा सुविधा शसर्त अनुदानको रुपमा उपलब्ध गराउने छ भन्ने ब्यबस्था बमोजिम आर्थिक वर्ष २०७६/०७७ देखि खाईपाई आएको स्थानीय भत्ता आर्थिक बर्ष २०८२/०८३ मा कारण संघीय शसर्त अनुदानमा छुटन गएको भन्ने बुझिन आयकोले उपदफा (३) बमोजिम सम्बन्धित स्थानीय तहले रोजगार संयोजकलाई आफ्नै स्रोतवाट व्यहोर्ने गरि थप सुविधाहरु समेत प्रदान गर्न सक्नेछ भन्ने ब्यबस्था बमोजिम रोजगार संयोजक दीपेन्द्र बहादुर बुढालाई यस गाउँपालिकाबाट आ.व. २०८२/०८३ को साउन देखि स्थानीय भत्ता दिने र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश



Scanned with CamScanner

Scanned with CamScanner



साउन देखि स्थानीय भत्ता दिने र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको पत्र संख्या २०८१/०८२ चालनी नम्बर २४२ र मिति २०८१/११/२३ गतेको सूचना प्रविधि अधिकृतको करार र पारिश्रमिक सम्बन्धि र स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धि कार्यविधि,२०८२ को दफा ६ बमोजिम योग्यता तथा सेवा सुविधा सम्बन्धि व्यवस्था बमोजिम अधिकृतस्तर सातौं तहको आधारभूत पारिश्रमिक चाडपर्व खर्च र पोषक खर्च वापतको ७५ प्रतिशत प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमबाट र २५ प्रतिशत र स्थानीय भत्ता वापको रकम यस गाउँपालिकाबाट प्रदान गर्ने र सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धि कार्यविधि,२०८२ को दफा ६ बमोजिम बमोजिम कार्तिक १ गते देखि अधिकृतस्तर सातौं तहको सेवा सुबिधा उपलब्ध गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

**<u>निर्णय नं. ६</u>**

प्रस्ताव नं ६ माथि छलफल गर्दा २०८२ सालको बिजया दशमी तथा शुभ दिपावलीको पावन अवसरमा सम्पूर्ण देश तथा बिदेशमा बस्ने नेपालीहरुलाई शुभकामना दिने निर्णय गरियो।

**<u>निर्णय नं. ७</u>**

प्रस्ताव नं ७ माथि छलफल गर्दा नरहरिनाथ गाउँपालिकामामा प्रदेश सरकार बाट प्राप्त अनुसार धाँचु देखि दुदुलि सडक निर्माण योजना को लागतअनुमान ३५ लाख सम्मको, गाउपालिका केन्द्र देखि छेडा माल्कोट हुदै पहडाघट्ट सडक मर्मत तथा स्तरउन्नति कार्य को लागत अनुमान ८० लाख सम्म र नरहरिनाथ गाउँपालिका वडा नं. २ वडा कार्यालय भवन निर्माण योजना को लागत अनुमान ८० लाख सम्मको लागत अनुमान तयार गरि ठेक्का आह्वान गर्ने र तत् योजनाहरुको यस आ.व. मा विनियोनित रकम बाट भुक्तानि गर्ने र अपुग रकम आगामी आ.व. मा विनियोजन गरि भुक्तानि गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ८</u>**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नरंहरिनाथ गाउँपालिकाको कार्यालयमा १ जना सवारी चालकको पद रिक्त रहेकोले उक्त पदमा नरहरिनाथ गाउँपालिका वडा नं १ स्थायी बसोवास गर्ने श्री हरिचन्द्र बहादुर बिष्टलाई नियूक्त गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ९</u>**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ. व २०८१/०८२ मा नरहररिनाथ गाउँपालिका वडा नं. ३ मा रहेको रमा मा वि कालाशिल्लाको फिल्ड घेरवारमा काम सम्पन्न भई कार्य सम्पन्नको प्राविधिक प्रतिवेदन तयार समेत भैसकेकोले उक्त काममा रकम अपुग भई भुक्तानी हुन नसकेकोले यस आ.व २०८२/०८३ मा विनियोजन भएको बजेट शिर्षक नं. (२२५२२) बेसाहारा नागरिक संग अध्यक्ष कार्यक्रम बाट जम्मा रकम रु २४५०००। (अक्षरुपी दुई लाख पैतालिस हजार मात्र ) भुक्तानी गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

Scanned with CamScanner



**निर्णय नं. १०**

प्रस्ताव नं.१० माथि छलफल गर्दा शहरी विकास मन्त्रालय अन्तर्गत सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय जुम्लामा विनियोजित तीन करोड बजेटमा नरहरिनाथ गाउँपालिका वडा नं ६ माल्कोट आधारभूत अस्पताल निर्माण हुनुपर्नेमा माल्कोट गाउँपालिका आधारभूत अस्पताल निर्माण कालिकोट भनी आएकोमा उक्त नाम संशोधन गरि **नरहरिनाथ गाउँपालिका वडा नं ६ माल्कोट आधारभूत अस्पताल** कायम गर्न मन्त्रालयमा अनुरोधका लागि सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं.११ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका भित्रका विभिन्न सडक खण्ड बाढी पहिरोले बिग्रेकोले तथा सदावाहार हिल्लाम्मे सडकहरुको मर्मत तथा सुधार गर्ने र आवश्यक परेको खण्डमा Equipment hire गरेर कार्य गर्ने साथै सदावाहार हिलाम्मे तथा पानि जमिरहने सडक क्षेत्रहरुमा उक्त सडक खण्ड मर्मत गर्ने निर्णय गरियो।

उपरोक्त बमोजिम निर्णय नं. १ देखि ११ सम्म
प्रमाणित गरिएको छ।



Scanned with CamScanner